आज मिति २०७९ साल असार ०५ गते आईतवारका दिन विहान ८:०० बजे हरिहरपुरगढी गाउँ कार्यपालिकाको दोश्रो कार्यकालको पहिलो वैठक गाउँ कार्यपालिकाको अध्यक्ष श्री बज्रध्वज वाईबाज्यूको अध्यक्षतामा बैठक बसी तपसीलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा छलफल भई निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | बज्रध्वज वाईबा | अध्यक्ष |
| २. | चेख वहादुर थिङ | उपाध्यक्ष |
| ३. | जित वहादुर थिङ | १ नम्बर वडा अध्यक्ष |
| ४. | विश्व राई | २ नम्बर वडा अध्यक्ष |
| ५. | कुल वहादुर भोलन | ३ नम्बर वडा अध्यक्ष |
| ६. | कमल कुमार राई | ४ नम्बर वडा अध्यक्ष |
| ७. | साईला लामा | ५ नम्बर वडा अध्यक्ष |
| ८. | यक वहादुर मुक्तान | ६ नम्बर वडा अध्यक्ष |
| ९. | विच वहादुर मुक्तान | ७ नम्बर वडा अध्यक्ष |
| १०. | धन वहादुर मुक्तान | ८ नम्बर वडा अध्यक्ष |
| ११. | सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| १२. | मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १३. | छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| १४. | दुर्गामाया विक | कार्यपालिका सदस्य |
| १५. | सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| १६. | दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| १७. | नविन गङतान लामा | प्रमुख प्रशासकीय अधिकृत |

प्रस्तावहरु:

प्रस्ताव नम्बर १: गाउँपालिका विभिन्न समितिहरुको गठन सम्बन्धमा ।

प्रस्ताव नम्बर २: सर्वेक्षक र सहयोगि कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर ३: राष्ट्रिय भूमि आयोगबाट खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता सम्बन्धमा ।

प्रस्ताव नम्बर ४: बार्षिक नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर ५: मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमति प्रदेशको निर्णय अनुसार अधिकृत छैठौलाई सातौमा स्तरउन्नती गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर ६: सामी परियोजना कार्यन्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर ७: विद्यालय व्यवस्थापन समितको सदस्य मनोनित गर्ने सम्बन्धमा।

निर्णय नम्बर ८: भैपरि आउने चालु खर्चबाट कक्षा १-९ सम्मको बार्षिक परीक्षा व्यवस्थापन खर्च सम्बन्धमा ।

निर्णय नम्बर ९: सेवा करारमा हलुका सवारी चालक २ जना र २ जना गाउँप्रहरीको पदपुर्तिको लागी को बिज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर १०: नर्वप्रवर्दन साझेदारी कोषको कार्यन्वयनको लागी २ वटा सिङ्गल क्याप गाडी खरिद सम्वन्धी शिलबन्दी बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर ११: विद्यालय सुधार सम्बन्धी कार्यदल गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर १२: वडा नम्बर १ को सोलार मर्मतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर १३: गुर्जी चिसापानी बादरे सडक दोश्रो फेज भेरसयसन सम्बन्धमा ।

प्रस्ताव नम्बर १४: गुर्जी चिसापानी बाँदरे सडक ढेडुवा खोला पुल संरक्षण सम्बन्धमा ।

प्रस्ताव नम्बर १५: आर्थिक सहायत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नम्बर १६: आर्थिक सहायत दिने सम्वन्धमा ।

प्रस्ताव नं. १७: शिक्षक निर्देशिका र एकिकृत पाठ्यक्रम छपाई सम्बन्धमा ।

प्रस्ताव नम्बर १८: हरिहरपुरगढी दुग्ध सहकारी संस्थाको लागी गाउँपालिकाको स्टलमा २ वटा सटर प्रदान गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

निर्णय नम्बर १: प्रस्ताव नम्बर १ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ अनुसार तपशील बमोजिमको राजश्व परामर्श समिति, दफा ६६ अनुसार श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिहरु गणन गर्ने निर्णय गरियो ।

**स्थानीय राजश्व परामर्श समितिः**

| | |
|---|---|
| उपाध्यक्ष श्री चेख बहादुर थिङ | संयोजक |
| प्रप्रअ श्री नविन गङतान लामा | सदस्य |
| कार्यपालिका सदस्य श्री छलिमाया मोक्तान | सदस्य |
| कार्यपालिका सदस्य श्री मोहनकाजी विश्वकर्मा | सदस्य |
| सहायक पाचौ दिपक कार्की | सदस्य सचिव |

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिः**

| | |
|---|---|
| अध्यक्ष श्री वज्रध्वज वाइबा | संयोजक |
| उपाध्यक्ष श्री चेक बहादुर थिङ | सदस्य |
| वडा अध्यक्ष विश्व राई | सदस्य |
| कार्यापालिका सदस्य दिल कुमारी कामी | सदस्य |
| वडा अध्यक्ष जीत बहादुर थिङ | सदस्य |
| वडा अध्यक्ष कमल कुमार राई | सदस्य |
| प्रप्रअ श्री नविन गङतान लामा | सदस्य सचिव |

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

| | |
|---|---|
| उपाध्यक्ष श्री चेख बहादुर थिङ | संयोजक |
| वडा अध्यक्ष श्री यक बहादुर मुक्तान | पूर्वाधार विकास समिति संयोजक सदस्य |
| वडा अध्यक्ष श्री कुल बहादुर भोलन | आर्थिक विकास समिति संयोजक " |
| वडा अध्यक्ष श्री धन बहादुर मुक्तान | सामाजिक विकास समिति संयोजक " |
| वडा अध्यक्ष श्री बिच बहादुर मोक्तान | वातावरण तथा विपद व्यवस्थापन संयोजक " |
| वडा अध्यक्ष श्री साइला लामा | सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक " |
| प्रप्रअ श्री नविन गङतान लामा | सदस्य |
| योजना शाखा प्रमुख सुदिप लामिछाने | सदस्य सचिव |

**पूर्वाधार विकास समितिः**

| | |
|---|---|
| वडा अध्यक्ष श्री यक बहादुर मुक्तान | संयोजक |
| वडा नम्बर २ दलित सदस्यः प्रमिला घतानी | सदस्य |

वडा नम्बर ३ सदस्यः मनोज कुमार मानन्धर | सदस्य
ई भीष्मदिप सुनुवार | सदस्य सचिव

**आर्थिक विकास समितिः**

वडा अध्यक्ष श्री कुल बहादुर भोलन | संयोजक
वडा नम्बर १ सदस्य शुशिल घिसिङ्ग | सदस्य
कार्यपालिका सदस्य दुर्गा माया बिक | सदस्य
आर्थिक विकास शाखा प्रमुख दिपक कार्की | सदस्य सचिव

**सामाजिक विकास समितिः**

वडा अध्यक्ष श्री धन बहादुर मुक्तान | संयोजक
वडा नम्बर ४ काजीमान जिम्बा | सदस्य
वडा नम्बर ६ सदस्य फूलमाया सिन्चुरी | सदस्य
शिक्षा तथा खेलकुद शाखा प्रमुख सुनेश अधिकारी | सदस्य सचिव

**बातावरण तथा विपद व्यवस्थापन समितिः**

वडा अध्यक्ष श्री बिच बहादुर मोक्तान | संयोजक
वडा नम्बर ६ सदस्य कान्छालाल वाइबा | सदस्य
कार्यपालिका सदस्य सोमिमाया रानामगर | सदस्य
सहायक पाचौ यादव आचार्य | सदस्य सचिव

**सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

वडा अध्यक्ष श्री साइला लामा | संयोजक
वडा नम्बर २ सदस्य इन्द्र कुमार राई | सदस्य
वडा नम्बर ३ सदस्य कमल बहादुर राना | सदस्य
अधिकृत छैठौ सुदिप लामिछाने | सदस्य सचिव

**विधेयक समितिः**

कार्यापालिका सदस्य श्री मोहन काजि बिश्वकर्म | संयोजक
वडा अध्यक्ष १ जीत बहादुर थिङ | सदस्य
वडा अध्यक्ष २ बिश्व राई | सदस्य
कानुन अधिकृत लोक बहादुर गोले | सदस्य सचिव

न्यायिक समितिः

उपाध्यक्ष श्री चेख बहादुर थिङ संयोजक

कार्यापालिका सदस्य मोहनकाजी विश्वकर्मा सदस्य

कार्यापालिका सदस्य सन्तली राई सदस्य

निर्णय नम्बर २: प्रस्ताव नम्बर २ माथी छलफल गर्दा राष्ट्रिय भूमि आयोग र गाउँपालिकाको सम्झौता बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रमा ऐलानी जग्गाको नाप जाँच गरी भूमीहिन, सुकुम्बारी, अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच गर्न १ सर्वेक्षक र २ सहयोगि कर्मचारीहरुलाई आवश्यक परेको हुनाले सर्वेक्षक श्री सुरक्षा प्रजापतिलाई पाचौ तह र सर्वेक्षक अध्ययनरत पुष्पा राईलाई चौथो तह र सहयोगीलाई सहयोगी कर्मचारीको तलव स्केलको दरमा दैनिक ज्यालादारीमा खटाइ सोही अनुसार ज्याला भुक्तानी गर्ने निर्णय गरियो। साथै प्रदेश सरकारको आर्थिक सहयोगमा बखफर मोरङ्गे कमैया सडकको डिपीआरको लागी खटिइएका सहयोगी कर्मचारी ३ जनालाई खानाको रकम र ज्याला भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नम्बर ३: प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा राष्ट्रिय भूमि आयोगबाट खटिएका कर्मचारीहरुलाई काममा प्रभावकारीता ल्याउनको लागी गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी खाजा तथा खाना खर्च बापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ४: गाउँपालिकाको आर्थिक वर्ष ०७९।८० को बजेट तथा नीति कार्यक्रम संविधानत हरेक बर्ष असार महिनाको १० गते पेश गर्नु पर्ने प्रावधान बमोजिम गाउँपालिकाले असार १० गते बार्षिक नीति तथा कार्यक्रम गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५: प्रस्ताव नम्बर ५ माथी छलफल गर्दा बागमति प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको राजपत्रमा भाग १ मिति २०२८।१२।२४ गते प्रकाशित स्थानीय सेवा गठन तथा संचालन अध्यादेश २०७८ को दफा ६ को उपदफा १ को व्यवस्था अनुसार स्थानीय तहमा सातौ तहको लागी न्यूनतम शैक्षिक योग्यता पुगेकोले प्रचलित कानूनी व्यवस्था गरे बमोजिम ज्येष्ठता कायम हुने गरी यस कार्यालयमा कार्यरत तपशिल कर्मचारीहरुलाई अधिकृत छैठौबाट अधिकृत सातौ तह कायम हुने गरी पदस्थापना गर्ने निर्णय गरियो ।

| क्रम | नाम | सेवा/ समुह | साविकको तह | कायम गरिएको तह |
|---|---|---|---|---|
| १ | सुदिप लामिछाने | प्रशासन/ सामान्य प्रशासन | अधिकृत छैठौं | अधिकृत सातौं |
| २ | सुनेश अधिकारी | प्रशासन/शिक्षा | अधिकृत छैठौं | अधिकृत सातौं |
| ३ | सृजना गिरी | प्राविधिक/सिभिल | अधिकृत छैठौं | अधिकृत सातौं |

निर्णय नम्बर ६: प्रस्ताव नम्बर ६ माथी छलफल गर्दा श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत प्रास सामी परियोजना कार्यक्रम साविकमा रिलिफ नेपाल सिन्धुली मार्फत सञ्चालन हुदै आएकोमा आर्थिक बर्ष २०७९।८० देखि गाउँपालिका आफैले कार्यन्वयन गरी संस्था मार्फत कार्यन्वयन नगर्ने निर्णय गरियो। साविकमा कार्यरत कर्मचारीहरुलाई नै सेवा करारमा राख्ने निर्णय गरियो ।

निर्णय नम्बर ७: प्रस्ताव नम्बर ७ माथी छलफल गर्दा क्यानेश्वर मावि पान्तलेमा विद्यालय व्यवस्थापन समितको सदस्यमा वडा नम्बर ८ को श्री ज्ञान बहादुर यसमालीलाई मनोनित गरी पठाउने निर्णय गरियो । साथै कुन्तेश्वरी आधारभुत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यको लागी वडा नम्बर ७ निवासी श्री बाबुराम थिङलाई मनोनित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ८: प्रस्ताव नम्बर ८ माथी छलफल गर्दा चालु शैक्षिक शत्रमा गाउँपालिका भरीको विद्यालयहरुको कक्षा १ देख ९ सम्मको परीक्षा व्यवस्थापन खर्च भैपरि आउने चालु खर्चबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ९: प्रस्ताव नम्बर ९ माथी छलफल गर्दा सेवा करारमा हलुका सवारी चालक २ जना र २ जना गाउँप्रहरीको पदपुर्तिको लागी को विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १०: प्रस्ताव नम्बर २ माथी छलफल गर्दा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमति प्रदेश र यस गाउँपालिका बीच नर्वप्रवर्दन साझेदारी कोषको लागी भएको सम्झौता अनुसार सो कार्यक्रम कार्यन्वयनको लागी २ वटा सिङ्गल क्याप गाडी खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गर्ने सम्बन्धमा । साथै सोही कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको हरिहरपुरगढी दुग्ध विकास सहकारी संस्था र क्यानेश्वर दुग्ध विकास सहकारी संस्थाहरुलाई चिस्यान केन्द्र र आवश्यक मेशेनरी खरिदको लागी अनुदान दिने निर्णय गरियो ।

निर्णय नम्बर ११: प्रस्ताव नम्बर ११ माथी छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका भरिको सामुदायिक शिक्षा सुधारको लागी विद्यालय सुधार (विद्यालय गाभ्ने तथा कक्षा घटाउने) गर्न तपशील बमोजिमको कार्यदल गठन गर्ने सम्बन्धमा ।

<u>तपशिल</u>

| | |
|---|---|
| उपाध्यक्ष चेख वहादुर थिङ | संयोजक |
| वडा अध्यक्ष जित वहादुर थिङ | सदस्य |
| वडा अध्यक्ष विश्व राई | सदस्य |
| वडा अध्यक्ष कुल बहादुर भोलन | सदस्य |
| वडा अध्यक्ष कमल कुमार राई | सदस्य |
| वडा अध्यक्ष साईला लामा | सदस्य |
| वडा अध्यक्ष यक वहादुर मुक्तान | सदस्य |
| वडा अध्यक्ष विच वहादुर मुक्तान | सदस्य |
| वडा अध्यक्ष धन वहादुर मुक्तान | सदस्य |

शिक्षक महासंघको प्रतितिधि सदस्य

शिक्षक महासंघको प्रतिनिध सदस्य

शिक्षक प्रतिनिधि सदस्य

शिक्षक प्रतिनिधि सदस्य

विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि सदस्य

शिक्षा अधिकृत सुनेश अधिकारी सदस्य सचिव

निर्णय नम्बर १२: प्रस्ताव नम्बर १२ माथी छलफल गर्दा मिति २०७९ असार २ गतेको चट्याङ पर्दा वडा नम्बर १ को सोलार र स्वास्थ्य कार्यालयको सोलारमा क्षति हुन गएकोले सेवा प्रवाह नै प्रभावित भएकोमा मर्मतको बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नम्बर १३: प्रस्ताव नम्बर १३ माथी छलफल गर्दा गुर्जी चिसापानी बादरे सडक दोश्रो फेजमा प्राविधिक प्रतिवेदन अनुसार पुलको उचाई बढ्न गई Random Rubble Masonary को परिमाण बढ्न गएकोले बढि रकम भेरसयसन रकम रु २४३०००।०० रकम सोही शिर्षकमा टेण्डर गरी बाँकी रकम बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १४: प्रस्ताव नम्बर १४ माथी छलफल गर्दा गुर्जी चिसापानी बाँदरे सडक ढेडुवा खोलामा पानीको बहाव बढ्न गई पुल नै बगाउने अवस्था देखिएकोले विपत व्यवस्थापन कोष रकमबाट भुक्तानी हुने गरी सो पुल संरक्षण गर्न रु ३०००००।०० खर्च गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १५: प्रस्ताव नम्बर १५ माथी छलफल गर्दा गाउँपालिकाको विभिन्न वडाबाट वडाको सिफारिस अनुसार बिभिन्न रोग लागेर उपचारको लागी आर्थिक सहयोग तपशील बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहायत कार्यविधि अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | बिरामी/पीडितको नामथर | उमेर | समस्या/रोगको नाम | निबेदकको नामथर | वडा नं. | रकम |
|---|---|---|---|---|---|---|
| १ | सुविना भोलन | २६ | पाठे घरको समस्या | | वडा नं. ३ | ३००००।०० |
| २ | रमा कुमारी नेपाली | | मृगौला रोग | | वडा नं. ३ | ३००००।०० |
| ३. | सन्त राम राई दनुवार | | क्यान्सर | सन्त राम राई दनुवार | वडा नं. ४ | ३००००।०० |
| ४ | सुनिता माया जिम्बा | ४७ | मृगौलाको रोग | काले जिम्बा | वडा नं. २ | ३००००।०० |
| ५ | प्रताप बहादुर राई | | आगलागी/ विपद | प्रताप बहादुर राई | वडा नं. २ | ३००००।०० |
| ६ | सुमित्रा कुमारी राई | ३४ | मुटु रोग | सुमित्रा कुमारी राई | वडा नं. २ | ३००००।०० |
| ७ | कर्ण बहादुर राई | ६७ | प्यारालाइसिस | लक्ष्मण कुमार राई | वडा नं. २ | ३००००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | रोप कुमार राई | ४२ | मुटु रोग | रोप कुमार राई | वडा नं. ३ | ३००००।०० |
| ९ | पासाङ गोले | ८ | टाउकोमा चोट | ठुली माया गोले | वडा नं. १ | ३००००।०० |
| १० | चन्द्र मान घलान | ५० | क्यान्सर | चन्द्र मान घलान | वडा नं. ३ | ३००००।०० |
| ११ | सुक बहादुर राई | ७६ | मृगौला रोग | सेरनी माया राई | वडा नं. ३ | ३००००।०० |
| १२ | हेम कुमारी राई | ३१ | पाठे घर क्यान्सर | | वडा नं. ३ | ३००००।०० |
| १३ | भक्ती माया दर्लामी | | बिरामी | टंक बहादुर दर्लामी | वडा नं. ४ | ३००००।०० |
| १४ | सुकु माया राई | ६६ | मृगौला रोग | भिजक कुमार राई | वडा नं. ३ | ३००००।०० |
| १५ | गोल माया राई | ५३ | मुटु रोग | | वडा नं. ३ | ३००००।०० |
| १६ | बीर बहादुर बम्जन | ४९ | मुटु रोग | बीर बहादुर बम्जन | वडा नं. २ | ३००००।०० |
| १७ | अर्जुन ब. घिसिङ | | आगलागी/विपद | अर्जुन ब. घिसिङ | वडा नं. १ | ३००००।०० |
| १८ | आस लाल घिसिङ | | गोठ आगलागी/विपद | आस लाल घिसिङ | वडा नं. १ | ३००००।०० |
| १९ | आस लाल घिसिङ | | हावाहुरीले घर क्षति /विपद | आस लाल घिसिङ | वडा नं. १ | ३००००।०० |
| २० | बसुन गोले | | हावाहुरीले घर क्षति /विपद | बसुन गोले | वडा नं. १ | ३००००।०० |
| २१ | खडग ब. कामी | ४६ | मृगौला रोग | खडग ब. कामी | वडा नं. २ | ३००००।०० |
| २२ | बिरधन दोङ | | पेट | बिरधन दोङ | वडा न ८ | ३००००।०० |
| २३ | स्वरुप राज श्रेष्ठ | १० | ब्लड क्यान्सर | सोम कुमार श्रेष्ठ | वडा न ३ | ३००००।०० |
| २४ | लक्ष्मी पाख्रीन | | | | वडा न ८ | ३००००।०० |
| २५ | दुधलाल घलान | | आगलागी | | वडा न ८ | ३००००।०० |
| २६ | सोम बहादुर वाइबा | २७ | बिरामी | | वडा न ३ | ३००००।०० |

निर्णय नम्बर १६: प्रस्ताव नम्बर १६ माथी छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नम्बर २ को वडा सदस्य श्री प्रमिला घतानी गम्भिर बिरामी भई उपाचारको लागी रु ५० हजार राहत स्वरुप आर्थिक सहायत कोष बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्माण नम्बर १७: प्रस्ताव नम्बर १७ माथी छलफल गर्दा शिक्षक निर्देशिका र एकिकृत पाठ्यक्रम छपाईको रकम शिक्षक पाठयोजना डायरी खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो। नपुग रकम भैपरिआउने चालु खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्माण नम्बर १८: प्रस्ताव नम्बर १८ माथी छलफल गर्दा हरिहरपुरगढी दुग्ध उत्पादन सहकारी संस्थाको लागी गाउँपालिकाको स्टलमा २ वटा सटर प्रदान गर्ने निर्णय गरियो ।